उपत्यकामा छिटो र सर्वाधिक बिक्री हुने जनपक्षीय विचार प्रधान दैनिक

नेपाली राष्ट्रिय दैनिक

# सन्ध्याकालीन

निष्पक्ष समाचारको लागि जनतामा समर्पित

www.sandhyakalin.com

देशप्रेम प्रकाशन प्रालिद्वारा प्रकाशित

## भारतीय सीमामा झडप, दर्जन घाइते

काठमाडौं, २७ बैशाख । भारतीय सीमा क्षेत्रमा हिजो झडप दर्जन बढी घाइते भएको थाहाभएको छ । प्राप्त समाचारअनुसार सर्लाहीको बलरा नगरपालिका-१० सुदामा टोलमा दुई पक्षका बीचमा झडप भएको हो । स्थानीय सुवोध पासवान र भोला पासवान पक्षबीच पुरानो रिसिबीका कारण झडप तथा कुटपीटहुँदा १३ जना घाइते भएको प्रहरीले जनाएको छ । झडपमा सुवोध पासवान पक्षबाट सुवोधसहित शिवसागर पासवान, दिनेश पासवान, हरेन्द्र पासवान, लखचन पासवान र अंगद पासवानसहित छजना घाइते छन्भने भोला पासवान पक्षबाट सन्तलाल हजारी, सन्तलालकै छोरा रुपेश हजारी, मुकेश हजारी, सन्तलालका भिनाजु भारतीय नागरिक वीरेन्द्र पासवान, निक पासवान, कामनी देवी र पूजा देवी घाइते भएका छन् । घाइते भएका सुवोध **बाँकी ४ पेजमा**

वर्ष २९, अंक १४६ २०८२ साल बैशाख २७ गते शनिबार, May. 10. 2025, का.जि.का.द.नं. ४१/०५३/५४ मूल्य रु २।-

# प्रतिनिधिसभाको बैठकमा बिभिन्न समसामयिक विषयमा सरकारको ध्यानाकर्षण, सुरक्षाबारे चिन्ता

काठमाडौं, २७ बैशाख । प्रतिनिधिसभाको हिजोको बैठकमा बिभिन्न समसामयिक विषयमा सरकारको ध्यानाकर्षण गरिएको छभने सुरक्षाबारे चिन्ता र चासो व्यक्तभएको देखिएको छ । प्राप्त समाचारअनुसार प्रतिनिधिसभाको हिजोको बैठकको शून्य समयमा भागलिँदै सासंदहरुले कृषि-मलखाद तथा बीउबिजनको आपूर्ति तथा वितरण व्यवस्था, शिक्षा, स्वास्थ्य र रोजगारी लगायतका क्षेत्रसँग सम्बन्धित समसामयिक विषयमा सरकारको ध्यानाकर्षण गर्नुभएको थियो । उहाँहरुले कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकालगायत राज्यका निकायहरुलाई थप जिम्मेवार र उत्तरदायी बनाउनुपर्ने, पूँजीगत खर्च ४० प्रतिशतभन्दा बढी हुननसक्दा राजस्व संकलन र रोजगारी सिर्जनमा समस्या आएकाले पूँजीगत बजेट वृद्धिगरी कार्यान्वयनमा जोड दिनुपर्ने र जनतालाई शुद्ध पिउने पानीको व्यवस्था गर्नुपर्ने धारणा व्यक्त गर्नुभएको थियो । बैठकमा सांसद सुरेन्द्रराज आचार्यले वर्षायाम शुरु हुँदैछ, किसानलाई आवश्यक मलखाद तथा बीउबिजन जोहोगर्न धौधौ छ, गतबर्ष पनि मलको अभावले किसान मर्कामा परका थिए, मलको वितरण प्रणाली नमिल्दा विचौलियाले कालोबजारीगर्दा किसानलाई थप पीडाको महशुस भएको थियो, भारतको सीमाना नजिक रहेका किसानले लुकीछिपी मल नल्याए खेतीनै गर्न पाउदैन, त्यसतर्फ सरकारको तत्काल ध्यान जान जरुरी छ भन्नुभएको थियो । उहाँले कपिलवस्तु जिल्लाको दक्षिणी भेगमा शुद्ध पिउने पानीको अभाव रहेको उल्लेख गर्दै त्यस क्षेत्रमा निर्माणाधीन पानी ट्याँकीहरु बजेट अभावका कारण सञ्चालनमा आउन नसकेकाले आवश्यक बजेट व्यवस्थाका लागि सरकारको ध्यानाकर्षण गर्नुभएको थियो । सांसद सूर्यप्रसाद ढकालले १५ मिनेटको बाटो एकघण्टा लाग्छ, काठमाडौं उपत्यकाको जाम कमगर्ने उपाय र विधि के हुनसक्छ, चार हजारभन्दा बढी निवेदन सिटिइभिटीमा दर्ता भएको १३ बर्ष नाघिसक्यो, हामीलाई अनुमति दिनुहोस्, कर तिर्छौं, रोजगारी दिन्छौं, बिद्यार्थी पढाउँछौं, सरकारले सिफारिस **बाँकी ४ पेजमा**

## एमालेद्वारा सांसदलाई ह्वीप जारी

काठमाडौं, २७ बैशाख । सत्तारुढ एमालेले आफ्नो पार्टीका सांसदहरुलाई अनिवार्यरुपमा उपस्थित भएर सरकारले ल्याएको नीति तथा कार्यक्रमको पक्षमा मतदानगर्न ह्वीप जारी गरेको छ । सो पार्टीका प्रमुख सचेतक महेशकुमार बर्तौलाका अनुसार सरकारको नीति तथा कार्यक्रम भोली **बाँकी ४ पेजमा**

## बिभिन्न घटनामा केहीको मृत्यु

काठमाडौं, २७ बैशाख । बिभिन्न घटनामा केहीको मृत्युभएको छ । प्राप्त समाचारअनुसार भारतबाट नेपाल फर्किंदै गरेका एक नेपाली बस भित्रै मृत फेलापरेका छन् । बाँकेको नेपालगञ्ज नजिकै भारतको रुपैडिहामा गोर्खा घरभएका चेतबहादुर पन्त बसमा मृत फेलापरेको जिल्ला प्रहरी कार्यालय बाँकेका प्रहरी प्रवक्ता डीएसपी दीपक पातलीले बताउनुभएको छ । बिहारबाट रुपैडिहाका लागि हिँडेका पन्तको घर गोर्खाको गण्डकी गाउँपालिका फुजेल भएको खुलेको छ । डीएसपी पातलीले मृतकको साथमा रहेको नागरिकताका आधारमा पन्तको सनाखत भएको जानकारी दिनुभएको छ । पन्तको शव भारततर्फकै अस्पतालमा राखिएको भारत रुपैडिहास्थित प्रहरीले जनाएको छ । बिहारहुँदै रुपैडिहा आएको बसमा रहेका पन्त गाडीबाट नझरेपछि हेर्दा मृत फेलापरेको जानकारी आएको जिल्ला प्रहरी कार्यालय बाँकेले जनाएको छ । त्यसैगरी बाजुरामा घाँस काट्न वनमा **बाँकी ४ पेजमा**

## देशका बिभिन्न स्थानमा अवैध लागूऔषधसहित केही पक्राउ, प्रहरीबाट छानविन

काठमाडौं, २७ बैशाख । देशका बिभिन्न स्थानमा अवैध लागूऔषधसहित केही पक्राउ परेका छन् । प्राप्त समाचार अनुसार सुनसरीको बराहक्षेत्र नगरपालिका-१ चतरास्थित कोशी पुलबाट गाँजा करिब दुई किलो ग्रामसहित उदयपुरको बेलका नगरपालिका-३ बस्ने अनुप राईलाई प्रहरीले पक्राउ गरेको छ । अस्थायी प्रहरी पोष्ट चतरापुलबाट खटिएको प्रहरीले धरानबाट उदयपुरतर्फ आउँदै गरेको प्रदेश १-०२-००२ ख ०४०९ नम्बरको बसलाई जाँचगर्ने क्रममा बसमा सवार उनलाई उक्त गाँजासहित फेलापारी पक्राउ गरेको हो । त्यसैगरी मोरङको विराटनगर महानगरपालिका-१६ हुलास चोकबाट खैरो हेरोइनजस्तो देखिने पदार्थ करिब एकग्राम २० मिलिग्रामसहित दुई जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरुमा सुनसरीको धरान उपमहानगर पालिका-८ बस्ने राज तामाङ र सोही उपमहानगरपालिका-

## भैरहेको खुलाशा

१५ बस्ने प्रबिन पोखेरल रहेका छन् । लागूऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय विराटनगरबाट खटिएको प्रहरीले भारतबाट नेपालतर्फ पैदल आउँदै गरेका उनीहरुलाई उक्त पदार्थसहित पक्राउ गरेको हो । त्यसैगरी मोरङको विराटनगर महानगर पालिका-१६ हुलास चोकबाट खैरो हेरोइनजस्तो देखिने पदार्थ दुईग्राम ८०० मिलिग्रामसहित सुनसरीको इटहरी उपमहानगर पालिका-१२ बस्ने अमृत बंगालीलाई **बाँकी ४ पेजमा**

## महिला पक्राउ

काठमाडौं, २७ बैशाख । डिपेन्डेन्ट भिसामा क्यानडा लैजानेभन्दै ठगीगर्ने एकजना महिला पक्राउ परेको थाहाभएको छ । प्राप्त समाचारअनुसार पक्राउपर्नेमा दोलखाको वैतेश्वर-८ घरभई भक्तपुर मध्यपुर थिमी नगर पालिका-३ गट्ठाघरबस्ने सुजिता अधिकारी रहेकी छन् । सुजिताले आफूले अध्ययनगर्न क्यानडाको भिसा प्राप्तगरेको र आफूसँगै डिपेन्डेन्ट भिसामा लैजाने प्रलोभन देखाई पीडितसँग २० लाख रुपैयाँलिई सम्पर्कबिहीन भएकोभन्ने पीडितको उजुरीका आधारमा **बाँकी ४ पेजमा**

## फेरी डेंगीको संक्रमणको जोखिम

काठमाडौं, २७ बैशाख । नेपालमा फेरी डेंगीको संक्रमणको जोखिम देखिएकोभन्दै स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका कीटजन्य रोग शाखाका प्रमुख डा गोकर्णप्रसाद दाहालले सतर्क रहन सबैमा आग्रह गर्नुभएको छ । उहाँले पानी जम्माहुँदा त्यसमा डेंगी सार्ने लामखुट्टेको विकास हुने गर्दछ । यसका लागि १५ देखि २० दिन लाग्छ । त्यसैले अबको १५ देखि २० दिन डेंगी संक्रमण हुने खतरा रहेको छ । सबैले आवश्यक सतर्कता अपनाउन आग्रह **बाँकी ४ पेजमा**

## गणतन्त्रको बिकल्प राजतन्त्र नहुने

काठमाडौं, २७ बैशाख । गणतन्त्रको बिकल्प राजतन्त्र नहुने बताइएको छ । प्राप्त समाचारअनुसार राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले उपरोक्त कुरा बताउनु भएको हो । उहाँले राजनीतिक दलहरु सच्चिएर जनताकहाँ पुग्नुपर्ने उल्लेखगर्दै नेपालमा गणतन्त्र निर्विकल्प भएको बताउनुभएको थियो । उहाँले प्रतिगामी खतराविरुद्ध सङ्घर्ष गरौँ, गणतन्त्रको रक्षा गरौँ' नाराकासाथ राष्ट्रिय जनमोर्चा बागलुङले हिजो बागलुङ बजारमा आयोजना गरेको कार्यक्रममा अध्यक्ष केसीले लोकतन्त्र र गणतन्त्रको रक्षाका **बाँकी ४ पेजमा**

## ठगीगर्नेहरु पक्राउ

काठमाडौं, २७ बैशाख । बैदेशिक रोजगारीमा बिभिन्न देश पठाइदिन्छु भन्दै ठगीगर्ने तीनजना पक्राउ परेका छन् । प्राप्त समाचारअनुसार पक्राउपर्नेहरुमा बुढानिलकण्ठ नगरपालिका-२ बस्ने धादिङको त्रिपुरासुन्दरी-२ घर भएका अर्जुन सुर्खेती, काठमाडौं तार्केश्वर नगरपालिका-५ बस्ने रुपेश ढकाल र दाङको बबई-५ घर भएका मोतीसरा खत्री रहेका छन् । पक्राउ परेकामध्ये अर्जुन र रुपेशले जर्मनी पठाइदिन्छुभन्दै दुईजना पीडितहरुबाट ३५ लाख रुपैयाँ तथा मोतीसराले अमेरिका पठाइदिन्छुभन्दै एकजना पीडितबाट पाँच लाख रुपैयाँलिई सम्पर्कबिहीन भएकोभन्ने पीडितहरुको उजुरीको आधारमा काठमाडौं उपत्यका अपराध **बाँकी ४ पेजमा**

## सवारी दुर्घटनामा मृत्यु तथा घाइते

काठमाडौं, २७ बैशाख । देशका बिभिन्न स्थानमा भएका सवारी दुर्घटनामा मृत्यु तथा घाइते भएका समाचारहरु प्राप्तभएका छन् । प्राप्त समाचारअनुसार सिद्धार्थ राजमार्गको पाल्पा-बुटवल सडकखण्डमा टिपर दुर्घटनाहुँदा चालकको मृत्यु भएको छ । तिनाउ-३ सिद्धबाबा हुँदै बुटवलबाट पाल्पातर्फ आउँदैगरेको लु१क २५१७ नम्बरको खाली टिपर दुर्घटना हुँदा चालक सियारी-२ रुपन्देहीका प्रभाकर यादवको मृत्युभएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक सुनिल मल्लले जानकारी दिनुभएको छ । टिपरको चक्का पन्चरहुँदा अनियन्त्रितभई सडकबाट ६५ मिटर तल तिनाउखोला किनारमा खस्दा चालक यादव गम्भीर घाइते भएको बताइएको छ । यादवलाई प्रहरी चौकी दोभानबाट खटेको प्रहरी टोलीले उद्धारगरी उपचारका लागि लुम्बिनी प्रादेशिक अस्पताल बुटवल पठाएकोमा उपचारकाक्रममा मृत्यु भएको थियो । त्यसैगरी डडेलधुराको आलिताल-८ सुनखोलास्थित सडकमा भिनपा ००१ ह ०१२६ नम्बरको अटोको ठक्करबाट पैदलयात्री सोही गाउँपालिका-४ कैनघाडीबस्ने बिक्रम विकका छोरा विवेक विकको मृत्युभएको छ । ठक्करबाट गम्भीर घाइते भएका उनको जोगबुढा अस्पतालमा उपचारकाक्रममा मृत्युभएको हो । सोही दुर्घटनामा घाइते भएका अटोमा सवार एकजनाको सोही अस्पतालमा उपचार भइरहेको छ । हाल फरारहेका अटो चालकको प्रहरीबाट खोजी भैरहेको जनाइएको छ । त्यसैगरी सुर्खेतको वीरेन्द्रनगरमा ट्रकले ठक्करदिँदा दैलेखको भैरवी गाउँपालिका घरभई हाल वीरेन्द्रनगर बस्दैआएकी तुलसी जैशी गम्भीर घाइते भएकी छन् । वीरेन्द्रनगर बजारको मूलपानी चोक नजिकै जेब्राक्रसिङबाट बाटो काट्दै गरेकी जैशीलाई बाँगेसिमलतर्फ जाँदैगरेको भे१ख१९३६ नम्बरको ट्रकले ठक्कर दिएको जिल्ला ट्राफिक प्रहरी कार्यालय सुर्खेतका प्रमुख प्रहरी निरीक्षक वकिल सुनारले बताउनु भएको छ । घाइतेको कर्णाली प्रदेश अस्पताल कालागाउँमा उपचार भइरहेको थाहाभएको छ ।

# सुक्खा बन्दरगाह बनेपछि रोजगारी बढ्ने

काठमाडौं। कञ्चनपुरको दोधारा चाँदनी नगरपालिका-१ भूमिराज टोलका ६० वर्षीय राम खड्का २०२२ सालमा डोटीको सिलगढीबाट बसाइँ सरेर यहाँ आउनुभयो। डोटीमा खेतीगर्न जग्गा नभएपछि यहाँ आएका खड्का दुई बिघा जमिनमा खेतीगर्दै आउनुभएको छ। सुक्खा बन्दरगाह निर्माणपछि यहाँ ठूला उद्योग खुल्ने सुनेका उहाँमा स्थानीयस्तरमै रोजगारी पाउने आशा पलाएको छ। घर छेउमै सुक्खा बन्दरगाह निर्माणको थालनी भएपछि यहाँका युवाले रोजगारीका लागि भारतीय सहर जानुनपर्ने बाध्यता हट्ने आशा छ। उहाँले विगत सम्झिँदै त्यसबेला सडक, बिजुली बत्ती केही थिएन, जंगली जनावर र भारतीय लुटेराको डर हुन्थ्यो।

यसरी घर छेउमै सुक्खा बन्दरगाह निर्माण होलाभनेर सोच्न पनि सकेका थिएनौँ भन्नुभयो। दोधारा चाँदनीमा बन्दरगाह निर्माणका लागि रुख कटानको काम शुरु भएको छ। बन्दरगाहकै लागि महाकाली नदीमा चारलेनको पक्की पुल र पूर्वपश्चिम राजमार्गको गड्डाचौकीबाट सुक्खा बन्दरगाह निर्माणस्थलसम्म छ लेनको सडक बनेको छ। उहाँका छोरा महाकाली चारलेन पुल निर्माण कम्पनीको टिपर चलाउँथे। पुलको काम सम्पन्न भएपछि अहिले घरमै बेरोजगार छन्। बन्दरगाह निर्माण शुरु भएपछि छोराले पुनः घर नजिकै रोजगारी पाउने आशा उहाँको छ। उहाँले बन्दरगाह बनेपछि घर नजिकै हामीले पनि रोजगारी पाउने आशा गरेका छौँ। धेरै पहिलादेखि बन्छबन्छ भन्थे अहिले बन्दरगाह निर्माणका लागि रुख कटानगर्न थालेपछि यहाँका स्थानीयमा रोजगारी पाउने आशा जागेको छ भन्नुभयो। उहाँले महाकाली नदीमा पुल र चाँदनीसम्म छ लेनको कालोपत्र सडक बनेपछि यहाँको मुहार परिवर्तन भएको बताउनुभयो। खड्काले दुईबिघा जग्गा छ, पहिलेको जस्तो उत्पादन पनि हुँदैन।

बन्दरगाह निर्माणले यहाँको आर्थिक अवस्था परिवर्तन होलाभन्ने पर्खाइमा छौँ भन्नु भयो। यहाँ सुक्खा बन्दरगाह बन्ने भएपछि दोधारा चाँदनीको स्वरुप परिवर्तन भएको छ। चाँदनीका स्थानीय नीरज भट्टले विगतमा महेन्द्रनगर आवतजावत गर्न भारतीय बाटो शारदा ब्यारेज भएर जानुपर्थ्यो। पक्की पुल र सुक्खा बन्दरगाह बन्ने भएपछि आवतजावतमा सहज त भयोनै जग्गाको मूल्यवृद्धि र रोजगारीको बाटो खुलेका छन् भन्नुभयो। दोधारा चाँदनीका अधिकांश युवा रोजगारीका लागि भारतका बिभिन्न सहर धाउनुपर्ने बाध्यता रहेको बताउँदै सुक्खा बन्दरगाह बनाउँदा स्थानीयलाई रोजगारीको सबैभन्दा ठूलो आशा रहेको उहाँको भनाइ छ। सुक्खा बन्दरगाह निर्माणसँगै पश्चिमी नाका सञ्चालनमा आए सुदूरपश्चिमको सम्भावनाको ढोका खुल्ने नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य जंगबहादुर मल्लको बुझाइ छ। उहाँले भारतको राजधानी नयाँ दिल्ली र उत्तराखण्डस्थित औद्योगिक क्षेत्र रुद्रपुरसम्म सहज पहुँच हुनेहुँदा सुदूरपश्चिमको विकासमा ठूलो योगदान मिल्ने बताउनुभयो। उहाँले रुद्रपुर भारतकै ठूलो औद्योगिक क्षेत्र हो, नेपालको गड्डाचौकीनाकाबाट भारतको औद्योगिक क्षेत्र पुग्न दुईघण्टा लाग्छ तर यति छोटो दूरीमा रहेको औद्योगिक क्षेत्रसँग सुदूरपश्चिमले अहिलेसम्म व्यापारिक कारोबारगर्न पाएको छैन। सुक्खा बन्दरगाह र एकीकृत जाँचचौकी निर्माणसँगै पश्चिमी नाका सञ्चालनमा आएपछि यस क्षेत्रको व्यापार विस्तारको ढोका खुल्छ र रोजगारीको अवसर सृजना हुन्छन् भन्नुभयो। नेपाल इन्टरमोडल यातायात विकास समितिले बन्दरगाह निर्माणका लागि गौरीशंकर सामुदायिक वनमा रुख कटानको काम शुरुगरेको छ। समितिका इञ्जिनियर अनिश केसीले बन्दरगाह निर्माणका लागि एक हजार ५९३ रुख काट्नका लागि ४१ लाखमा ठेक्का सम्झौता भएर रुख कटानको काम भइरहेको जानकारी दिनुभयो। भारत सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा निर्माण हुने सुक्खा बन्दरगाहका लागि नेपाल सरकार र भारत सरकारबीच जुन १, २०२३ मा समझदारी पत्रमा हस्ताक्षर भएको थियो। सोही सम्झौताअनुसार दुवैतर्फबाट काम भइरहेको छ। भारतीय पक्षले बन्दरगाह निर्माणका लागि दुईअर्ब ५४ करोड ३१ लाख ९९ हजार भारतीय रुपैयाँ लागतमा बोलपत्र आह्वान गरिसकेको छ। सुक्खा बन्दरगाहस्थल खाली गरेर भारतीय पक्षलाई हस्तान्तरण भएपछि पूर्वाधार निर्माणको काम शुरुहुने छ। बन्दरगाह निर्माणका लागि प्रयोग हुने ४२.३६ हेक्टर क्षेत्रफलमा दुईवटा गोदाम भवन, भन्सार चेकजाँच भवन, क्वारेन्टाइन भवन, इमिग्रेसन भवन, सुरक्षा भवनलगायत पूर्वाधार निर्माण हुने इन्टरमोडल यातायात विकास समितिले जनाएको छ। सुक्खा बन्दरगाह निर्माणसँगै पश्चिममी नाका सञ्चालनमा आए सुदूरपश्चिम विकासको सम्भावनाको ढोका खुल्ने अपेक्षा गरिएको छ। रासस

# लहानका अधिकांश पसल बिनादर्ता सञ्चालन

काठमाडौं। वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय वीरगञ्ज तथा इलाका प्रशासन कार्यालय लहान सिरहाको अगुवाइमा गरिएको संयुक्त बजार अनुगमनका क्रममा अधिकांश पसलको व्यवसाय दर्ता नगरिएको, दर्ता भएका व्यवसायको नवीकरण नभएको, खरिद बिक्रीको बिलबिजक नभएको तथा मूल्यसूची नराखिएको भेटिएको छ। अनुगमन टोलीले यस्ता पसललाई जरिवाना तोकेको छ। जसमा अनिता जनरल स्टोर्सलाई २० हजार, समाया ट्रेडर्सलाई १५ हजार, श्याम इलेक्ट्रोललाई १० हजार र मा इन्टरप्राइजेजलाई पाँचहजार जरिवाना तोकेको हो। त्यस्तै महावीर वस्त्रालय, बाबा फेन्सी स्टोर्स, नितिस ट्रेडर्स एण्ड सप्लायर्स, विवेक सुसेन्टर, प्रिया जनरल स्टोर्स, ओम किराना, हरेकृष्ण इम्पेरियम र अर्चिड क्याफेलाई पहिलोपटकलाई सामान्य चेतावनीसहित सचेतीकरण गरिएको छ। इलाका प्रशासन कार्यालय लहानका प्रमुख गोकर्णराज सुयलकाअनुसार यी पसलका सञ्चालनकलाई तीन दिनभित्र पसलमा मूल्यसूची राख्न र आवश्यक कागजात इलाका प्रशासन कार्यालयमा बुझाउन निर्देशन दिइएको छ। यदि व्यवसायीले अटेर गरे कानुनबमोजिम कारवाही गरिने प्रमुख सुयालले बताउनुभयो। त्यसैगरी, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय पर्सा वीरगञ्जका प्रतिनिधि मधुरेशप्रसाद साहले पहिलोपटक भएको बजार अनुगमनमा अखाद्य वस्तु बिक्री गर्नेलाई सचेत गराइएको र दोस्रो चरणको अनुगमनदेखि अखाद्य वस्तु बिक्रीगर्ने व्यवसायीलाई कानुनबमोजिम कारबाही गरिने स्पष्ट पार्नुभयो। उहाँले इजाजतपत्र लिएरमात्र सुर्तीजन्य पदार्थ तथा मदिरा बिक्रीगर्न व्यवसायीलाई निर्देशन दिनुभयो। अनुगमन टोलीमा वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय वीरगञ्ज र इलाका प्रशासन कार्यालय लहानका साथमा घरेलु तथा साना उद्योग कार्यालय लहान, जिल्ला उद्योग वाणिज्य संघ सिरहा, सशस्त्र प्रहरीका प्रतिनिधि सम्मलित रहेका थिए। सरकारले निर्धारण गरेको नीतिनियम व्यवसायीले पूर्ण रुपमा पालना गर्नुपर्नेभन्दै जिल्ला उद्योग वाणिज्य संघका अध्यक्ष विकास सारडाले आगामी दिनमा व्यवसाय सञ्चालनका लागि व्यवसायीलाई स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र, घरेलु तथा साना उद्योग कार्यालयको दर्ता प्रमाणपत्र, नापतौल प्रमाणपत्र, आन्तरिक राजस्व कार्यालयको दर्ता प्रमाणपत्र तथा खरिद बिक्रीको बिलजस्ता कुरा साथमा अनिवार्य राख्न र नवीकरणगर्न आग्रह गर्नुभयो। रासस

# प्रसारण लाइन निर्माणमा प्राविधिक त्रुटि ?

काठमाडौं। म्याग्दीको राहुघाट बेसिनमा निर्माणको अन्तिम चरणमा पुगेका चारवटा जलविद्युत् आयोजनाबाट उत्पादित विद्युत्लाई केन्द्रीय प्रणालीमा आबद्ध गराउन प्राविधिक हिसाबले त्रुटिपूर्ण प्रसारण लाइन बनाएका छन्। जलविद्युत् आयोजनाले डाँडाखेत-राहुघाट १३२ केभी क्षमताको भन्दा मुनि २२० केभी क्षमताको प्रसारण लाइनको तार पर्ने र दुईवटा प्रसारण लाइनको तारको दूरी मापदण्डभन्दा कम हुने गरेर 'क्रसिङ' बनाएका हुन्। रघुगङ्गा गाउँपालिका-३ पिप्लेमा उत्तरबाट दक्षिणतर्फ आउने आयोजनाको र पश्चिमबाट पूर्व दिशातर्फ जाने डाँडाखेत-राहुघाटको प्रसारण लाइन एकापसमा 'क्रसिङ' हुन्छ। प्राविधिक हिसाबले बढी क्षमताको प्रसारण लाइनको तार कम क्षमताको लाइनभन्दा माथि हुनुपर्छ। क्रसिङ हुने ठाउँमा १३२ केभीको लाइनको माथिल्लो तारदेखि २२० केभीको तलको तार बीचको दूरी चार दशमलव पाँच हुनुपर्ने मापदण्ड छ। म्याग्दी नदी र सहायक खोलामा निर्माणाधीन जलविद्युत् आयोजनाबाट उत्पादन हुने विद्युत्लाई केन्द्रीय ग्रिडमा जोड्न नेपाल विद्युत् प्राधिकरणले मालिका गाउँपालिका-७ डाँडाखेतबाट रघुगङ्गा गाउँपालिका-३ अम्बाङ जोड्ने २५ किलोमिटर लामो १३२ केभी क्षमताको प्रसारण लाइन र दुवै ठाउँमा सबस्टेशन निर्माण अन्तिम चरणमा पुर्‍याएको छ। डाँडाखेत-राहुघाट प्रसारण लाइनको 'एपीटु' र 'एपीथ्री' नम्बरको टावरको बीचमा जलविद्युत् आयोजनाले बनाएको प्रसारण लाइन क्रसिङ हुन्छ। सन् २०२१ देखि निर्माण शुरु भएको डाँडाखेत-राहुघाट प्रसारण लाइन निर्माणमा ढिलाइ भएपछि एक सय ३० दशमलव आठ मेगावाट क्षमताका चारवटा आयोजनाले अम्बाङको सबस्टेशनका विकल्पमा २२० केभी क्षमताको दाना-खुर्कोट प्रसारण लाइनमा जोड्न पिप्लेबाट तिल्केनीचौरसम्म वैकल्पिक प्रसारण लाइन बनाएका हुन्। राहुघाट बेसिनमा ३७.५ मेगावाटको चिमखोला-राहुघाट-मङ्गले, ४८.५ मेगावाटको अपर राहुघाट, २१.३ मेगावाटको ठूलोखोला र २३.५ मेगावाटको माथिल्लो ठूलोखोला जलविद्युत् आयोजना परीक्षण उत्पादनको तयारीमा छन्। डाँडाखेत-राहुघाट प्रसारण लाइन आयोजनाका प्रमुख रोशन अग्रवालले जलविद्युत् आयोजनाहरुले समन्वय नगरी मापदण्ड **बाँकी ४ पेजमा**

## अन्तराष्ट्रिय

# भारत सामाजिक सञ्जाल र हवाई सेवा बिरुद्ध केन्द्रित

वाशिंटन। भारतले एक्सलाई आठ हजारभन्दा बढी खाता ब्लकगर्न आदेश दिएको प्लेटफर्मले जानकारी दिएको छ। साथै प्लेटफर्मले सरकारद्वारा लागुगरिएको सेन्सरसिप भनेर वर्णनगरेको कुरासँग अनिच्छापूर्वक पालना गरिरहेको जनाएको छ। यो कदम भारतको व्यापक कारवाहीको हिस्सा जस्तो देखिन्छ, जसले आणविक-सशस्त्र छिमेकीहरुबीच बढ्दो तनाव र घातक झडपहरुका बीचमा पाकिस्तानी राजनीतिज्ञ, सेलिब्रिटी र मिडिया संस्थानहरुका सामाजिक मिडिया खाताहरुलाई लक्षित गरेको छ। एक्सकाअनुसार अन्तर्राष्ट्रिय समाचार संस्थाहरु र अन्य प्रमुख प्रयोगकर्ताहरुलाई ब्लकगर्न माग गरेको यो आदेश मेटाले नयाँदिल्लीको अनुरोधमा इन्स्टाग्राममा एक प्रमुख मुस्लिम समाचार पेज भारतमा प्रतिबन्धित गरेको एक दिन पछि आएको हो। साइटको विश्वव्यापी सरकारी मामिला टोलीले एक विज्ञप्तिमा कम्पनीका स्थानीय कर्मचारीहरुलाई उल्लेखनीय जरिवाना र कारावासको सम्भावित दण्डसहित एक्सले भारत सरकारबाट कार्यकारी आदेशहरु प्राप्त गरेको छ जसमा एक्सले भारतमा आठ हजारभन्दा बढी खाता ब्लकगर्न आवश्यक छभनेको छ। धेरैजसो मामिलामा सरकारले खाताहरुबाट कुन पोस्टहरुले भारतीय कानून उल्लंघन गरेको छ भनेर निर्दिष्ट गरेको थिएन र अन्य धेरैमा यसले ब्लकहरुका लागि कुनै प्रमाण वा औचित्य प्रदानगरेको थिएन। एलन मस्कको स्वामित्वमा रहेको प्लेटफर्मले मागहरुसँग असहमति जनाएको तर भारतमा निर्दिष्ट खाताहरु रोक्ने प्रक्रिया शुरु गरेको बताएको छ। विज्ञप्तिमा भनिएको छ,सम्पूर्ण खाताहरु अवरुद्धगर्नु अनावश्यकमात्र होइन, यो विद्यमान र भविष्यका सामग्रीको सेन्सरसिप बराबर हो, र अभिव्यक्ति स्वतन्त्रताको मौलिक अधिकारको विपरित हो। यो सजिलो निर्णय होइन, यद्यपि प्लेटफर्मलाई भारतमा पहुँचयोग्य राख्नु भारतीयहरुको सूचना पहुँचगर्ने क्षमताका लागि महत्वपूर्ण छ। काश्मीरको विवादित मुस्लिम बहुल क्षेत्रमा भारतद्वारा शासित क्षेत्रमा पर्यटकहरुमाथि घातक आक्रमणलाई समर्थन गरेकामा नयाँदिल्लीले इस्लामाबादलाई दोष दिएको दुई हप्तापछि भारत र पाकिस्तानबीचको भीषण लडाइँकाबीच यो कदम आएको हो। पाकिस्तानले उक्त आरोप अस्वीकार गरेको छ। भारतले गत बुधबार आतंकवादी शिविरहरुलाई लक्षित गरेकोभन्दै हवाई आक्रमण शुरुगरेदेखि बढ्दो हिंसामा सीमाको दुवै छेउमा कम्तीमा ४८ जनाको मृत्युभएको छ। दुवै देशले गत बिहीबार एकअर्कामाथि ड्रोन आक्रमणको आरोप लगाएका छन्।

एक्सले कानूनी प्रतिबन्धहरुका कारण भारतीय कार्यकारी आदेशहरु सार्वजनिकगर्न नसक्ने बताएको छ, तर यसले प्रभावित प्रयोगकर्ताहरुलाई अदालतहरुबाट उपयुक्त राहत खोज्न प्रोत्साहित गरेको छ। यसले प्रभावित प्रयोगकर्ताहरुको नाम उल्लेन गरेन, तर हालैका दिनहरुमा भारतीय मिडियाले भारतले पाकिस्तानी राजनीतिज्ञ बिलावल भुट्टो जरदारी र पाकिस्तानका पूर्व प्रधानमन्त्री तथा क्रिकेट कप्तान इमरान खानका एक्स खाताहरु ब्लक गरेको रिपोर्ट गरेको छ। भारतले पाकिस्तानी समाचार संस्थाहरुसहित उत्तेजक सामग्री फैलाएको आरोपमा एक दर्जनभन्दा बढी पाकिस्तानी युट्युब च्यानलहरुलाई पनि प्रतिबन्ध लगाएको छ। पाकिस्तानी बलिउड चलचित्रका नियमित कलाकार फवाद खान र आतिफ असलम पनि भारतमा सीमित थिए। साथै स्टार ब्याट्सम्यान बाबर आजम र मोहम्मद रिजवान र सेवानिवृत्त खेलाडी शाहिद अफ्रिदी र वसीम अकरमसहित विभिन्न प्रकारका क्रिकेटरहरु पनि भारतमा सीमित थिए। दक्षिण एसियाली यी दुई छिमेकीबीच बढ्दो शत्रुताले अनलाइन गलत सूचनाको बाढी ल्याएको छ। सामाजिक मिडिया प्रयोगकर्ताहरुले डिपफेक भिडियोदेखि असम्बन्धित द्वन्द्वहरुको पुराना छविहरुसम्म सबै कुरा प्रसारित गरिरहेका छन्, जसलाई गलत तरिकाले चलिरहेको लडाइँसँग जोडिएको छ। यसैबीच भारतले आणविक-सशस्त्र प्रतिद्वन्दी पाकिस्तानसँगको लडाइँपछि उत्तरी क्षेत्रका २४ विमानस्थलमा नागरिक उडानहरु स्थगित गरेको छ। भारतले गत बुधबार आतंकवादी शिविरहरुलाई लक्षितगर्दै हवाई आक्रमण शुरुगरेपछि र दशकौंमा यी दुई छिमेकीबीच सबैभन्दा खराब झडपहरु भडकिएपछि मुख्यतया पाकिस्तानमा झण्डै ५० जनाको मृत्यु एको छ। हिजो बिहीबार राति भारतीय सरकारले २४ विमानस्थलको सूची जारीगरेको छ। त्यहाँ नागरिक उडानहरु बन्दगरिएका छन्। ती विमानस्थल पाकिस्तानसँगको पश्चिमी सीमा नजिकका जोधपुर, लुधियाना र अमृतसरजस्ता सहरहरुमा रहेका छन्। रासस/एएफपी

डा.केशव देवकोटा
प्रधान सम्पादक
मो. ९८५१०९८७०३
krdevkota@gmail.com
sandhyakalin977@gmail.com
सम्पर्क : काठमाडौं–३१ बागबजार,
फोन⁄फ्याक्स ५३३२८९०
प्रकाशक : देशप्रेम प्रकाशन प्रा.लि. भक्तपुर
फोन. : ६६१७७४० पो.ब.नं. : १०७४२
मुद्रक : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं

## सम्पादकीय

# भारत-पाकिस्तानकीच बढ्दो तनाव र नेपालप्रतिको अपेक्षा

नेपालका छिमेकी भारत-पाकिस्तानकीच तनाव बढ्दै गएको छभने भारतले नेपालप्रतिको सहयोगको अपेक्षा गरेको देखिएको छ। यसैक्रममा काठमाडौंस्थित भारतीय राजदूत नवीन श्रीवास्तवले हिजो शुक्रबार प्रधानमन्त्रि केपी ओलीसँग भेटेर छलफलसमेत गर्नुभएको थियो। उहाँहरुकाबीच प्रधानमन्त्री निवास बालुवाटारमा भएको भेट उल्लेख्य रहेको छ। भेटमा राजदूत श्रीवास्तले भारत-पाकिस्तानबीच उत्पन्न पछिल्लो तनाव र घटनाक्रमबारे प्रधानमन्त्री ओलीलाई जानकारी गराउनुकासाथै कश्मिरको पहलगाममा गत अप्रिल २२ मा आक्रमण भएपछि नेपालले आतंकवादी गतिबिधिप्रति देखाएको बिरोधको बिशेष चर्चा गर्नुभएको देखिएको छ। श्रीवास्तवले आक्रमण भएको ठाउँमा भारतले जवाफी कारवाही गरे पनि जेट हमला गरेकोभन्ने लगायतका प्रचारकाबारेमा स्पष्टगर्ने प्रयास पनि गर्नुभएको थियो। कुनै बेला विश्वका १०० भन्दा बढी मुलुकले शान्ति क्षेत्र ठानेको नेपालले आतंकवादी गतिबिधिको समर्थनगर्ने कुनै कुरा थिएन⁄छैन। भारत पाकिस्तान द्वन्दका कारण भारत बसेर उग्रवादी गतिविधि गरिरहेका हुनसक्ने कतिपय समूहसमेत नेपालतिर मोडिनसक्ने सम्भावनाप्रति छिमेकी भारत आशंकित हुनु स्वाभाबिक छ।

तर नेपालले त्यसलाई नसहने पनि स्पष्ट छ। यसअघिका कतिपय घटनाहरुलाई केलाएर हेर्ने होभने मुजाहिद्धीन वा अन्य आतंकवादी समूहहरु भारतमा लुकेर बसेका हुनसक्ने आशंकाहरु ब्यक्त हुनेगरेका थिए। गत बैशाख नौगते यता सीमामा जुन किसिमको सुरक्षा प्रबन्ध गरिएको छ, त्यसले उनीहरु नेपालतर्फ आउने कुनै संभावना देखिएको छैन। तिनीहरुबाट कथंकदाचित शान्ति सुव्यवस्था बिथोल्ने गतिविधि भइदियोभने झन् अप्ठेरो पर्छभन्ने भारतीय ठम्याई हुनसक्छ। तर त्यो हालको अवस्थामा संभव छैन। विगतमा नेपालबाटै आतंकवादीहरुले विमान अपहरण गरेको घटना रहेपनि पछिल्लो समयमा त्यस्ता संभावनाहरु न्युन रहेका छन्। पाकिस्तान विरुद्ध सैनिक कारवाही अप्रेशन सिन्दूर शुरु गरेलगत्तै भारतले पनि नेपालको सीमा क्षेत्रमा सुरक्षा व्यवस्थालाई उच्च सतर्कतामा राखेको देखिएको छ। भारतीय भारतीय गृहमन्त्री अमित शाहले नेपाल र भुटानसँगको सीमामा सुरक्षा सुनिश्चितगर्न भारतीय सीमा सुरक्षा बल (एसएसबी)लाई निर्देशन दिएको भन्ने कुराहरु बाहिर आएका छन्भने नेपालका गृहमन्त्रि रमेश लेखकले सीमामा बिशेष सतर्कता अपनाउने नेपालका सुरक्षाकर्मीहरुलाई निर्देशन दिनुभएको समाचार पनि सार्बजनिक भएको छ। नेपाल र भारतबीच करिब १,८८० किलोमिटर खुला सीमाना रहेको छ। जसको सुरक्षाको जिम्मा नेपालतर्फ सशसस्त्र प्रहरी बल र भारततर्फ एसएसबीले पाएको अवस्था छ। यस्तो अवस्थामा दुबै देशले मिलेर कामगर्ने वातावरण तयार गर्नुपर्दछ। आजको २१ औ शताब्दीमा युद्धबाट कुनैपनि समस्याको समाधान हुनै सक्तैन। त्यसैले भारत र पाकिस्तान दुबैले तत्काल युद्ध रोकेर वार्ताका माध्यमबाट समस्याको समाधान गर्ने⁄गराउने तिर लाग्नु बढी उपयुक्त हुन्छ। नेपाली पक्षले पनि त्यसैमा बढी जोड दिनुपर्दछ।

## समसामयिक

भेषराज कार्की

# बालबालिकालाई शिक्षा दिने चलचित्र झिल्को

जसरी सानो झिल्को ले ठूलो आगलागी निम्त्याउन सक्छ, त्यसरी नै डिजिटल कुलतको सानो लतले व्यक्ति, समाज र परिवारमा गम्भीर असर पार्न सक्छ। झिल्को चलचित्र यही यथार्थमा आधारित छ। यसले डिजिटल कुलतको सुक्ष्मरुप र त्यसले पार्ने प्रभावलाई मार्मिक ढंगले प्रस्तुत गरेको छ। आज मोबाइल हाम्रो जीवनको अभिन्न अंग बनिसकेको छ। एक समय सम्पर्कको माध्यममात्र रहेको मोबाइल अहिले हाम्रो जीवनशैलीलाई नै निर्देशित गर्ने शक्तिशाली औजार बनेको छ। दुःखको कुरा, यसको कुलतमा बालबालिका पनि फस्दै गइरहेका छन्। झिल्को ले यही ज्वलन्त समस्यालाई उजागर गरेको छ।

निर्देशक यादव भट्टराईले बाल बालिकामा बढ्दो डिजिटल कुलतको गम्भीर समस्यालाई चलचित्र झिल्कोमार्फत उजागर गर्नुभएको छ। आजभोलि खाना खानुभन्दा अगाडि मोबाइल चलाउने, अनलाइन गेम खेल्ने र युट्युबमा भिडियोहरु हेर्ने बानी बालबालिकाका लागि सामान्यजस्तै भइसकेको छ। चलचित्रमा यिनै विषयवस्तु र त्यसले पार्ने नकारात्मक असरलाई कलात्मक रुपमा प्रस्तुत गरिएको छ। यस चलचित्रमा आयुषी ढकाल, विशाल पोखरेल, वर्षा सिवाकोटी र सुनिल पोखरेलजस्ता कलाकारले सशक्त अभिनय गर्नुभएको छ, जसले कथालाई जीवन्त बनाएको छ। अभिभावक हरुले पनि बालबालिकाको मोबाइल प्रयोगलाई सामान्य ठानेर बेवास्ता गर्दा भविष्यमा यसले कस्तो गम्भीररुप लिन सक्छभन्ने कुरा झिल्को चलचित्रले चित्रण गरेको छ। चलचित्रमा एक पत्रकारको सुखी र खुसी परिवारको कथा छ, जहाँ उहाँको श्रीमती र छोरी छिन्। तर, यही सुखी परिवारमा डिजिटल कुलतको सानो झिल्को कसरी सल्किन्छ र त्यसले कस्तो असर पुर्‍याउँछ भन्ने कुरालाई चलचित्रमा मार्मिक ढंगले प्रस्तुत गरिएको छ। यसले समयमै सचेत नभए परिवारमा आउन सक्ने सम्भावित खतरालाई उजागर गर्छ। प्रविधिमैत्री यो समयमा डिजिटल कुलतबाट आफू जोगिनु र आफ्ना बाल बालिकालाई जोगाउनु एउटा ठूलो चुनौती बनेको छ। शुरुमा सामान्य लाग्ने यो लतले भविष्यमा परिवारमात्र नभई सामाजिक सम्बन्धमा समेत नकारात्मक असर पार्न सक्छ भन्ने कुरा झिल्को चलचित्रले स्पष्ट रुपमा देखाएको छ।

टेलिश्रृंखलाबाट चलचित्रमा प्रवेश गर्नुभएका अभिनेता पोखरेलले यस चलचित्रमा कामगर्दा आफूले डिजिटल कुलतजस्तो महत्वपूर्ण विषयमा नयाँ ज्ञान प्राप्त गरेको बताउनुभयो। उहाँले अहिले मैले आफूलाई डिजिटल कुलतबाट केही भए पनि बाहिर ल्याउन सकेको जस्तो लागेको छ। यो चलचित्रमा अभियनगर्नु अगाडि र अहिलेको शोचमा निकै परिवर्तन आएको छ। यसबाट हामीभन्दा नयाँ पुस्ता र विशेषगरी बालबालिकालाई बचाउनु जरुरी छ।

म आफैंले पनि पछिल्लो समय दैनिकीमा परिवर्तन ल्याएको छु भन्नुभयो। अभिनयको शुरु समयमा अभिनेता पोखरेलले जीवनचक्र जस्तो स्वास्थ्य विषयमा आधारित टेलि श्रृंखलामा काम गर्नुभएको थियो। तर, डिजिटल कुलतको विषयमा उहाँले समेत बुझ्नुभएको रहने छ। टेलिश्रृंखलासँगै केही चलचित्रमा काम गरिसक्नुभएका अभिनेता पोखरेललाई निर्देशक यादव भट्टराईसँग भेट्ने प्रस्ताव आयो। अभिनेता पोखरेलभन्ने सानोपर्दा अर्थात टेलिश्रृंखलामा काम नगर्ने सोचकासाथ भेट्ने उद्देश्यले मात्र पुग्नुभयो। अभिनेता पोखरेलले मलाई टेलिश्रृंखला वा आफू देखिनमात्र काम गर्नु थिएन। किनकि मैले धेरै काम गरिसकेको थिएँ। तर, निर्देशक भट्टराईले डिजिटल कुलतको विषयमा चर्चा गर्नुभएपछि म नै उक्त विषयमा सोच्न बाध्य भएँ। किनकि यस्तो विषयलाई अनुसन्धान गरेर चलचित्रमा ल्याइएको छैन भन्नुभयो। नेपालमा पछिल्लो समय सामाजिक सञ्जाल प्रयोगकर्ता बढेका छन्।

मोबाइल चलाउनु दैनिकीको हिस्सा बनिसकेको छ। अहिले सामाजिक सञ्जालमा झिल्को बनेर फैलिने खबरले न्यायालयभन्दा अगाडि फैसला सुनाइसक्छ। एउटा सानो श्रव्यदृश्य वा कसैले केही लेखेकै भरमा डिजिटल माध्यमले मानिसलाई गर्ने असरलाई पनि चलचित्रले समेटेको छ। यी सबको विषयमा जानकारी पाएपछि अभिनेता पोखरेलले आफैं सामाजिक सञ्जालमा उपस्थिति कम गर्नुभयो। आफ्नो घरमा बच्चालाई डिजिटल उपकरणसँग निकै कम पहुँच दिन थाल्नुभयो। यसले विस्तारै आएको परिवर्तनलाई उहाँले महसुस गर्नुभएको छ। अभिनेता पोखरेलले अहिले मेरो घरमा राति सुत्ने बेलामा लगभग ११ बजे वाइफाइ राउटर बन्द हुन्छ। त्यो बिहानमात्र खुल्छ। मैले शुरुमा बच्चालाई मनाउन कठिनाइको सामना गर्नुपरे पनि विस्तारै उनीहरुको दिनचर्या र शैलीमा परिवर्तन आउन थालेको छ। यो चलचित्रको उद्देश्य भर्चुअल संसारबाट बाहिर निकालेर वास्तविक संसारमा रमाउन सिकाउनु हो। यसका लागि बालबालिकामात्र दोषी छैनन् किनकि उनीहरुलाई मोबाइलको पहुँच दिलाउने हामी अभिभावक नै हौं भन्नुभयो। कोभिड-१९ का कारण भएको बन्दबन्दीमा बालबालिकाले प्रविधिको सहायताले कक्षा लिए। अनलाइन क्लासका कारण धेरै बालबालिकासम्म मोबाइल पुग्यो। तर, त्यसबाट फिर्ता ल्याउन वा मोबाइलको लत छुटाउन अभिभावकले ध्यान दिएनन्। जसकारण त्यो विस्तारै लतमा परिणत भएको बुझाई अभिनेता पोखरेलले सुनाउनुभयो। उहाँले हामीले पनि घरमा हुँदा वा बालबालिकासँग हुँदा भर्चुअल वर्ल्ड त्यागेर उनीहरुसँग रमाउन सक्नुपर्छ। हामी मोबाइल चलाउने अनि बालबालिकालाई हुँदैनभन्ने भोभने त्यसले समाधान दिँदैन, त्यसैले हामी अभिभावक पनि सच्चिनु जरुरी छ। शुरुआत हामीबाट हुनुपर्छ अनि त्यसको नतिजा राम्रो आउँछ भन्नुभयो। मिडिया फर कल्चर प्रालिको निर्माणमा तयार भएको चलचित्र झिल्को शैशाख १९ गतेबाट देशभर प्रदर्शन भइरहेको छ। उक्त चलचित्रमा निर्देशक भट्टराईसँगै अरुणदेव जोशी र देव व्रतले कथा लेखनको काम गर्नुभएको छ। डिजिटल कुलतले बालबालिकाको जीवन, पारिवारिकसम्बन्ध र सामाजिक स्वास्थ्यमा पार्ने असरमाथि केन्द्रित चलचित्रले आजको समयका यथार्थ र संवेदनशील विषयवस्तु उजागर गरेको दर्शकको भनाइ छ। चलचित्र हेराउन केही अभिभावक बालबालिका लिएर चलचित्र भवन पुगिरहेका छन्। अर्थात् चलचित्र निर्माणको उद्देश्य केही हदसम्म पूरा हुँदैछ। उहाँले चलचित्र हेरिसक्नुभएकाले यसलाई सपरिवार हेर्नुपर्ने धारणा राख्दै केही आफ्नो परिवार नै लिएर चलचित्र भवनमा आउनुभएको पाएका छौं। हाम्रो उद्देश्य नै यही हो। डिजिटल कुलतका **बाँकी ४ पेजमा**

# दार्चुला-टिंकर सडक निर्माणमा सेनाको भूमिका

**नरेन्द्रसिंह कार्की**

महाकाली कोरिडोरअन्तर्गत निर्माणाधीन दार्चुला-टिंकर सडक खण्डमा नेपाली सेनाले दुईतिरबाट ट्र्याक खोल्न शुरुगरेको छ। दुम्लिङ र गागाबाट ट्र्याक खोल्न थालिएको हो। सेनाले व्यास-१ को छाङ्रुगु गागाबाट सडक खन्न थालेको छ। यसअघि व्यास-३ तुसारपानीहुँदै वडानम्बर दुईको दुम्लिङ, कल्जु, आतुङती, तम्बाकुलगायतको ठाउँमामात्र कामहुँदै आएको थियो। दार्चुला-टिंकर ७९ किलोमिटर सडकको ट्र्याक खुलाउन सेनाको निर्माण दल जुटेको छ। व्यास-३ तुसारपानीदेखि निर्माणको जिम्मा पाएको नसेनाले हालसम्म १५ दशमलव दुई किलोमिटर ट्र्याक खोलेको छ। नेपाली सेनाका प्रवक्ता गौरवकुमार केसीका अनुसार ०८०/०८१ मा १३ दशमलव चार किलोमिटर सडकको ट्र्याक खोलिएकामा दुई किलोमिटर स्तरोन्नति भइसकेको छ। चालु आर्थिक वर्षमा १.८ किलोमिटर ट्र्याक खोलिएको तथा १.२ किलोमिटर स्तरोन्नति भएको छ। बजेट अभावका कारण द्रुत गतिमा काम हुन सकेको छैन। चालु आवमा नौकरोड मात्र प्राप्तभएको थियो। बजेट अभावमा निर्माण बन्द हुने अवस्था आएपछि सरकारले थप पाँच करोड व्यवस्था गरेको उहाँले जानकारी दिनुभयो। पछिल्लोपटक प्राप्त बजेटबाट व्यास-१ छाङरुमा क्याम्प निर्माण, स्काभेटर, कम्प्रेसर मेसिन जिलेटिनलगायत अत्यावश्यक उपकरण र अन्य निर्माण सामग्री ढुवानीमा सेना जुटेको छ। नेपाली सेनाले कडा चट्टानी भाग रहेको तुसारपानी नजिक फतङगाडमा २०० मिटर ट्र्याक खोलेको छ। व्यास-२ आतुङ्ती क्षेत्रमा ५०० मिटर र तम्बाकु क्षेत्रमा ५०० मिटरभन्दा बढी नयाँ ट्र्याक निर्माण गरिएको छ। अझै तल्लो क्षेत्रमा यो वर्ष तम्बाकु क्षेत्र जोड्ने गरी २०० मिटर ट्याक खुलाउने काम भइरहेको सैनिक प्रवक्ताले जानकारी दिनुभयो। उहाँले दुवैतर्फबाट सडक जोड्ने गरी निर्माण भइरहेको छ। छाङ्रुबाट यो वर्ष दुई किलोमिटर ट्र्याक खुल्छ। माथिल्लो क्षेत्रमा कडा चट्टान नभएका कारण ट्र्याक खोल्न तुलनात्मक रुपमा सहज हुन्छ। व्यास-३ तुसारपानीदेखि वडा नम्बर २ को माल, कोठधार, सगनाडी, दुम्लिङ, कल्जु र तम्बाकु क्षेत्रमा सडक निर्माण कार्य भइरहेको बताइएको छ। सेनाले सडक निर्माणको जिम्मा लिएको सडकखण्डको शून्यविन्दुदेखि पाँच किलोमिटर सडकमा माघ अन्तिम सातादेखि **बाँकी ४ पेजमा**

### भारतीय....

पासवान पक्षका छजनाको प्रादेशिक अस्पताल मलंगवामा भोला पासवान पक्षका सात जनाको जनकपुरमा उपचार भैरहेको बताइएको छ। अधिकांश घाइतेको टाउको र खुट्टामा चोट लागेको छ। जिल्ला प्रहरी कार्यालय सर्लाहीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक सरोज राईले झडपको सम्बन्धमा अनुसन्धान भइरहेको जानकारी दिनुभएको छ। घटनालगत्तै इलाका प्रहरी कार्यालय गडहीयाबाट पुगेको प्रहरी टोलीले स्थिति नियन्त्रणमा लिएको थियो।

### प्रतिनिधिसभाको....

गरेका बिद्यार्थीलाई निःशुल्क पढाउँछौंभन्दा पनि किन अनुमति दिन सक्दैनौं, समस्या कहाँ हो, त्यसतर्फ सरकारको ध्यान जान आवश्यक छ भन्नुभएको थियो। सांसद शेरबहादुर कुँवरले भारत र पाकिस्तानबीचको तनावले भारतमा बिभिन्न पेसा व्यवसायमा रहेका लाखौं नेपाली नागरिकको सुरक्षामा ध्यान दिन सरकारको ध्यानाकर्षण गराउनुभएको थियो। सांसद शिशिर खनालले छिमेकी राष्ट्र भारत र पाकिस्ताबीचको तनावका कारण नेपाल र नेपालीलाई पर्नसक्ने प्रभावबारे सजकता अपनाउन तथा पाकिस्तानमा अध्ययनरत विद्यार्थीको उद्धारगर्न सरकारसँग माग गर्नुभएको थियो। सांसद बीना जैसवालले नेपाल-भारतबीच खुला सीमाना भएकाले नेपालले सुरक्षा व्यवस्थामा कड्याइ गर्नुपर्नेमा जोड दिनुभएको थियो। सांसद शान्ति श्रेष्ठले अपांगता भएका व्यक्तिलाई आवत-जावतमा कठीनाइ हुने, सीप, क्षमता भएपनि घरमामात्रै बस्नुपर्ने बाध्यता भएकाले यसका लागि आवश्यक बजेट छुट्याउन सरकारको ध्यानाकर्षण गराउनुभएको थियो। सांसद शिव नेपालीले वर्षायामको शुरुवात भएकाले विपद् व्यवस्थापनको तयारी समयमै गर्न सरकारसँग माग गर्नुभएको थियो। सांसद शोभा ज्ञवालीले बर्दियाका नदीहरुमा आएको बाढीले विगतमा खेतीयोग्य जमिन कटानगरी घरबस्ती डुबानमा परेर ठूलो धनजनको क्षति गरेकोहुँदा यथाशीघ्र बजेटको व्यवस्थागरी सो क्षेत्रको समस्या समाधानगर्न सदनमार्फत सरकारको ध्यानाकर्षण गराउनुभएको थियो। सांसद शंकर भण्डारीले सरकारले आगामी बर्षको बजेटमा निर्माण व्यवसायी र सरकारबीचको विवादले कुनैपनि विकास निर्माणका काम नरोकिनका लागि पहलगर्न माग गर्नुभएको थियो। सांसद सरस्वती बजिमले किसानलाई आवश्यक बीउबिजन, मल र सिँचाइको व्यवस्थागर्न माग गर्नुभएको थियो। सांसद डा स्वर्णिम वाग्लेले भारत र चीनसँग जोडिएको नेपालको सीमानाकामा देखिएका समस्या समाधानगर्न सरकारसँग माग गर्नुभएको थियो।

### उमालेद्वारा...

आइतबार निर्णयार्थ पेश हुँदैछ। राष्ट्रपतिले गत १९ गते संसदको दुवै सदनको संयुक्त बैठकमा गर्नुभएको सम्बोधनमार्फत प्रस्तुत गरिएको आ.व. ०८२/८३ को नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रमलाई भोली बैशाख २८ गते बस्ने प्रतिनिधि सभाको बैठकमा निर्णयार्थ पेशगर्ने कार्यसूची रहेको छ।

### बिभिन्न....

गएकी एक महिलाको मृत्यु भएको छ। मृत्युहुनेमा बुढीनन्दा नगरपालिका-७ सेरकाटियाकी काली जोशी रहेको प्रहरीले जनाएको छ। जोशी बिहान घरमाथि वनमा घाँस काटिरहेको बेलामा घाइते अवस्थामा फेला परेको र कोल्टी अस्पतालमा उपचारकाक्रममा मृत्यु भएको बताइएको छ। जोशीको छातीमा ठूलो घाउका कारण अत्याधिक रक्तश्रापहुँदा मृत्युभएको कोल्टी अस्पतालका डा. रञ्जित शाहले बताउनु भएको छ। त्यसैगरी झापा गोल्डकपका पूर्वअध्यक्ष तथा बिर्तामोडका उद्यमी विनोद बस्नेत घरमै मृत भेटिएका छन्। बिर्तामोड नगरपालिका-१ स्थित आफ्नै निवासमा बस्नेत झुण्डिएको अवस्थामा फेलापरेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ। समाजसेवा, व्यवसाय र संस्थागत नेतृत्वमा सक्रिय भूमिका निर्वाह गर्दैआएका बस्नेत थुप्रै संघसंस्थामा आवद्ध रहेको बताइन्छ। उनी झापा गोल्डकप आयोजक समितिका पूर्वअध्यक्ष, नेपाल जेसीजका पूर्व राष्ट्रिय कार्यकारिणी उपाध्यक्ष, वीरता जेसिज र रोटरी क्लब अफ बिर्तामोडका पूर्वअध्यक्ष समेत रहेको जानकारहरुको भनाई छ।

### फेरी...

छ भन्नुभएको छ। पानी जम्ने ठाउँमा एडिज एजिप्टी र एडिस एल्बोपिक्टस प्रजातिको लामखुट्टेले फुल पार्दछ र ती फुलबाट लार्भा निस्कन्छ र त्यही लार्भा वयस्क भएपछि मानिसलाई टोकेर डेंगी रोग लाग्ने गर्दछ। शाखा प्रमुख डा दाहालले गतबर्ष धेरै डेंगी संक्रमण भएका ३५ स्थानीय तहमा संक्रमण रोकथाम र नियन्त्रणगर्न पत्राचार गरि सकिएको बताउनुभएको छ। उहाँकाअनुसार पुस १७ यता ९६८ जनामा संक्रमण देखिएको छ।

### गणतन्त्रको...

लागि सबै राजनीतिक दल एकताबद्ध हुन आवश्यक रहेको बताउनुभएको थियो। उहाँले नेपालका पार्टीका आआफ्नै बिचार तथा सिद्धान्त भए पनि राष्ट्रियतानै जोखिममापर्दा एकजुट हुन आवश्यक रहेको बताउनुभएको थियो। उहाँले सबै मिलेर पञ्चायत फालियो, राजतन्त्र फालियो, अहिले गणतन्त्रका विषयमा राजा वादीले भ्रम सृजना गरे, एकपटक लोकतन्त्र र गणतन्त्रका लागि सबै राजनीतिक दल एकजुट बनौं। राजावादीको तीनकुने आन्दोलन अराजकताको पराकाष्टा हो, न्यायिक छानबिन हुनुपर्छ, राजावादीहरु सल्बलाउन थाले, सबै दल मिलेर लोकतन्त्रका पक्षमा जुटौं भन्नुभएको थियो। संघीयता खर्चिलो भएको उल्लेखगर्दै अध्यक्ष केसीले यसलाई नेपालको अर्थतन्त्रले नथेग्ने बताउनुभएको थियो। उहाँले लोकतन्त्र र गणतन्त्र आएकै कारण बोल्न पाइएको स्मरणगर्दै राजतन्त्र फर्काउने कुरा सम्भव नभएको बताउनुभएको थियो।

### ठगीगनेहरु...

अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले अर्जुनलाई बुढानिलकण्ठ नगरपलिका-८ बाट र रुपेशलाई काठमाडौं महानगरपालिका-१२ बाट बुधबार तथा मोतीसरालाई काठमाडौं महानगरपालिका-१३ बाट बिहीबार पक्राउ गरेको हो।

### महिला...

काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले उनलाई काठमाडौं महानगरपालिका-१२ टेकुबाट पक्राउ गरेको बताइएको छ।

### देशका....

प्रहरीले पक्राउ गरेको छ। लागूऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय विराटनगरबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थसहित पक्राउ गरेको हो। त्यसैगरी पर्साको वीरगञ्ज महानगरपालिका-१६ शंकराचार्य गेटबाट गाँजा करिब एक किलाग्रामसहित बाराको जीतपुरसिमरा उपमहा नगरपालिका-१४ बस्ने अफरोज आलमलाई प्रहरीले पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको प्रहरीले उनलाई उक्त गाँजासहित पक्राउ गरेको हो। त्यसैगरी झापाको मेचीनगर नगरपालिका-६ बर्मेली टोलबाट खैरो हेरोइनजस्तो देखिने पदार्थ एकग्राम ३२० मिलिग्राम सहित दुईजनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउपर्नेहरुमा सोही नगर पालिका-१२ सरेणडाँगीबस्ने भूमीराज राई र सोही नगर पालिका-१२ नयाँबस्ती बस्ने इश्वर राई रहेका छन्। लागूऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय काँकरभिट्टाबाट खटिएको प्रहरीले भारतको पानीट्यांकीबाट नेपालतर्फ आउँदैगरेका उनीहरुलाई उक्त पदार्थसहित पक्राउ गरेको हो। त्यसैगरी धनकुटाको साँगुरीगढी-६ भेडेटार चोकबाट गाँजा करिब १० किलोग्रामसहित शहीदभूमि-५ खोकुबस्ने उद्धव राईलाई प्रहरीले पक्राउ गरेको छ। इलाका प्रहरी कार्यालय भेडेटारबाट खटिएको प्रहरीले धनकुटा हिलेबाट ईटहरीतर्फ जाँदैगरेको प्र.१-०२-००१ ज ४३२६ नम्बरको माईक्रोलाई जाँचगर्नेक्रममा माईक्रो बसमा सवार उनलाई उक्त गाँजासहित पक्राउ गरेको बताइएको छ।

### प्रसारण...

वपरीत जथभावी टावर बनाएर प्राविधिक हिसाबले त्रुटिपूर्ण प्रसारण लाइन बनाएका बताउनुभयो। "जलविद्युत् आयोजनाले हाम्रो लाइन मुनि बनाएको लाइन हटाउन नौ महिनादेखि पत्राचार गरे पनि अटेरी र बेवास्ता गरेका छन्", उहाँले भन्नुभयो, "१३२ केभीभन्दा माथि तार पर्ने गरेर अर्को टावर बनाएर लाइन तान्ने सहमति पनि कार्यान्वयन नगर्दा उनीहरुलाई समस्या पर्ने अवस्था आएको हो।" यस विषयमा प्रतिक्रिया लिन ठूलोखोलाका प्रतिनिधि गोपाल निउरे, अपर राहुघाट र चिमखोला-मङ्गले-राहुघाटको प्रवर्द्धक तुदी पावरका प्रतिनिधि इन्द्र ढकाललाई सम्पर्क गर्दा उहाँहरुले फोन उठाउनु भएन। तुदी पावरका आवासीय इञ्जिनियर प्रकाश तिमिल्सिनाले सहमतिअनुसार १३२ केभीको भन्दा २२० केभीको तार माथि पर्ने गरेर अग्लो टावर बनाउने तयारी गरेको प्रतिक्रिया दिनुभयो। रासस

### दार्चुला....

सवारी साधन सञ्चालन भएका छन्। यो सडकअन्तर्गत तुसारपानीदेखि मालगाउँसम्म गाडीमा यात्रा गर्न सकिन्छ। आब ०७७/७८ देखि सडक निर्माण थालेको सेनाले हालसम्म १५ किलोमिटर मात्र ट्र्याक खोलेको छ। बजेट अभावकै कारण पाँच वर्षभित्र निर्माण सम्पन्नगर्ने लक्ष्य पूरा नभएको निर्माणमा संलग्न एक इञ्जिनियरले बताए। उपकरण ढुवानी नहुञ्जेल व्यास-२ बाट मजदुर परिचालन गरेर खन्न थालिएको छ। तीनचार दिनदेखि स्थानीय र सेनाले बाटो खनिरहेका छन्। व्यास-१ का टिंकरका वडासदस्य हितेश बुढाथोकी सेनाले ढिलै भए पनि दुवैतर्फबाट काम थालेकोमा खुसी व्यक्त गर्नुभयो। पर्याप्त बजेटको व्यवस्था हुनुपर्नेमा उहाँको जोड छ। उक्त वडाका अध्यक्ष अशोकसिंह बोहराको पनि यही माग छ। गत फागुनमा प्राप्त पाँचकरोड अपर्याप्त भएको उहाँले बताउनुभयो। प्राथमिकताका साथ पर्याप्त बजेट विनियोजन गरेर यो सडक बनाउनुपर्ने उहाँले बताउनुभयो। यसैबीच, यही बैशाख २२ गते पूर्वमन्त्री गणेशसिंह ठगुन्ना नेतृत्वको टोलीले प्रधानमन्त्री केपी ओलीलाई भेटेर तुसारपानी-टिंकर सडकका निम्ति कम्तीमा ५० करोड बजेट विनियोजन हुनुपर्ने माग गरेको छ। भारतले लिपुलेक-कालापानी सडकलाई दुई लेन बनाइरहेका बेला हाम्रातर्फ ट्र्याक खुलाउन बजेटको सुनिश्चिता हुनुपर्नेमा जोडदिइएको नेता ठगुन्नाले राससलाई बताउनुभयो। रासस

### बालबालिका....

बारेमा अभिभावकले बुझ्नेमात्र बालबालिकालाई जोगाउन सकिन्छ। यसको विषयवस्तु विशेषगरी अभिभावकीय बेवास्ता, स्मार्टफोनको दुरुपयोग र डिजिटल प्रविधिका कारण निम्तिने पारिवारिक विखण्डनसँग जोडिएको छ। त्यसकारण यो अभिभावक र बालबालिका दुवैका लागि उपयोगी बनेको छ भन्नुभयो। नेपाली समाजका गम्भीर समस्यालाई केन्द्रमा राखेर निर्देशक यादव भट्टराईले यसअगाडि झोला र भोर चलचित्र तयार गरिसक्नुभएको छ। नेपाली समाजमा एक समय विद्यमान अमानवीय सति प्रथालाई केन्द्रमा राखेर तयार भएको झोला र मधेस क्षेत्रको सामाजिक यथार्थमा आधारित कथामा तयार गरिएको भोरले निर्देशक भट्टराईलाई फरक निर्देशकका रुपमा चित्रण गरिसकेको छ। निर्देशक भट्टराईले डिजिटल कुलतले हाम्रो जीवनशैलीलाई विकृत बनाइरहेको छ। मानिसहरु परिश्रमभन्दा सजिलो मार्ग खोज्दै भर्चुअल दुनियाँमा हराइरहेका छन्। हामी चलचित्रकर्मीको दायित्व मनोरञ्जनसँगै समाजमा असर गरिरहेको गलत प्रवृत्तिमा प्रश्नगर्नु पनि हो। मैले आफ्नो दायित्वलाई बुझेर डिजिटल कुलतको विषय चलचित्रमा उठाएको हुँ भन्नुभयो। यसलाई केवल बिद्यार्थीले मात्र होइन, हरेक अभिभावक, शिक्षक, बिद्यालयका प्रमुखले समेत हेर्नुपर्ने दर्शकले विश्लेषण गरेका छन्। चलचित्र हेरिसक्नुभएकाले दिइरहनुभएको प्रतिक्रियाले कलाकारिता यात्रामा झिल्को ले आफूलाई सन्तुष्टि दिएको अभिनेता पोखरेलले बताउनुभयो। अभिनेता पोखरेलले मैले अभिनय गर्न खोजेको चलचित्र यही हो। किनकि मैले जसरी टेलि श्रृंखलामार्फत जनचेतना फैलाउने काम गरेको थिएँ, यो चलचित्र आउँदा केही वर्षसम्म देखाउन र चर्चा गर्न सकिने बनेको छ। मैले कलाकारिता यात्रामा के गरेभन्दा झिल्को जस्तो चलचित्रमार्फत डिजिटल कुलतको विषय उठाएको थिएँ भन्नसक्छु। यो चलचित्रलाई विस्तारै हामीले बिद्यालय र स्थानीय तहसम्म लाने छौं भन्नुभयो। झिल्को चलचित्रले विशेषगरी डिजिटल कुलतका कारण र त्यसले निम्त्याउने नकारात्मक असरलाई उजागर गरेको छ। यही कारणले पनि अभिभावकले आफ्ना बाल बालिकालाई यो चलचित्र देखाउन चलचित्र भवनसम्म पुग्नु आवश्यक छ। के थाहा, चलचित्रमा देखाइएजस्तै डिजिटल कुलतको सानो झिल्को कतै तपाइँको परिवारमा त पनि सल्किरहेको छैन ? यो चलचित्रले समयमै सचेत हुन र आवश्यक कदम चाल्न प्रेरित गर्छ। रासस

## तराईमा रोकिएन हात्तीको विध्वंश

काठमाडौं। खुट्टामा गोली लागेर घाइते भएको 'एमगज' नामक जंगली हात्तीलाई यहाँको जुडिबेला र गैडाटारका किसानले औधी माया गर्थे। दया गरेर विभिन्न खानेकुरा दिन्थे, जसले हात्ती स्वस्थ हुँदै गयो। त्यही हात्ती अचेल यहाँका किसानका लागि समस्या भएको छ। गत कात्तिकदेखि रौतहटको चन्द्रपुर नगरपालिका-२ जुडिबेला र वडा नं ३ को गैडाटार क्षेत्रमा बस्दै आएको यस हात्तीले अचेल घर भत्काउन थालेको छ। कृषिबालीमा क्षति पुऱ्याइरहेको छ। जुडिबेलाका सुनिप पोखरेल पहिला मर्ला भन्ने डरले स्याहार गरिएको हात्तीले हाल कतिबेला पो मार्ने हो भन्ने उत्पन्न भएको बताउनुहुन्छ। उहाँले यो हात्ती बिरामी भएको बेला हामीले नै उपचारका लागि विभिन्न क्षेत्रमा पहल गऱ्यौं, उपचार पनि भयो। खानेकुरा दियौं, ज्यान तंग्रियो। त्यो देखेर हामी निकै खुसी भएका थियौं तर हाल त्यही हात्ती समस्या भयो। घर भत्काउने, खेतीमा नोक्सानी गर्ने गरिरहेको छ। अब त मान्छेलाइ नै कतिबेला मार्ने हो भन्ने डर बढेको छ भन्नुभयो। हात्तीले गत मंगलबार चन्द्रपुर-२ जोगिटोलका एकल महिला फुलमाया कुँवरको उठिबास लगाएको छ। हात्तीले पूरै घर ध्वस्त बनाएको, पकाउने ग्यासदेखि खाने चामलसमेत नष्ट गरेको उहाँले गुनासो गर्नुभयो। कुँवरले बिरामीहुँदा हात्तीलाई खाना खुवाइयो, उपचारमा हाम्रो पनि चिन्ता थियो। हाल आफ्नै बास उजाडिदियो भन्नुभयो। नगर प्रमुख सञ्जयकुमार काफ्लेले कुँवरको घर बनाउन स्थानीय युवाहरूले सहयोग जुटाउने र त्यसमा आफ्नो पनि केही आर्थिक सहयोग र सहजीकरण रहने बताउनुभयो। यसैगरी सोही टोलकी मैया गिरी आलेले हात्तीले आफ्नो पनि घर भत्काएको र चामल, दाललगायत खाद्यान्न लगेको बताउनुभयो। सोही दिन स्थानीय मुक्तिनारायण चौधरीको घर पनि भत्काइदिएको थियो। हात्तीको आतङ्कले स्थानीय असुरक्षित भएको सोही वडाको पुलामीटोल निवासी उत्तम खड्काले गुनासो गर्नुभयो। पुलामीटोलकै नजिक हर्दिया खोलाको पोखरीमा दिउँसभरि बस्ने र रात परेपछि हात्ती गाउँ पस्ने गरेको उहाँले सुनाउनुभयो। हात्ती आतङ्का कारण केही समयदेखि स्थानीय जंगलमा घाँस दाउरा जानसमेत नसकिएको खड्काले बताउनुभयो। गत कात्तिकयता हात्तीले जुडिबेलामा मात्रै दुई दर्जनभन्दा बढी घरमा क्षति पुऱ्याएको वडाअध्यक्ष दुत्तबहादुर थिङले जानकारी दिनुभयो। पर्सा राष्ट्रिय निकुञ्ज तथा वन मन्त्रालयका सचिवलाई समेत हात्ती व्यवस्थापनका लागि ध्यानाकर्षण गराइए पनि समस्या समाधान नभएको उहाँले गुनासो गर्नुभयो। वडाअध्यक्ष थिङले यहाँ हात्तीले विध्वंश मच्चाएको सरोकार भएकाहरू सबैलाई थाहा छ। पटकपटक ध्यानाकर्षण गराएका छौं तर पनि कसैले वास्ता गरेका छैनन् भन्नुभयो। हात्तीले जुडिबेलाका खिकबहादुर पन्त, राजेन्द्र ठकुर, तारजन मगर, रवीन्द्र लामा, प्रदीप बम्जन, शुक्र पुलामी, केशव पाठक, माइला कँडेल, खिक, रवि पुलामी, कमलबहादुर विक, बद्री कार्की, उमेश थापालगायतको घर भत्काइसकेको छ। रासस